बैठक संख्या – ३/०८३/०८४

आज मिति २०८३ भाद्र २२ गते सोमबार दिनको १:३० बजे मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री गोपालचन्द्र बुढाथोकीज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो :

उपस्थिति:

| | | |
|---|---|---|
| नगर प्रमुख | : | श्री गोपालचन्द्र बुढाथोकी |
| उपप्रमुख | : | श्री मिना पोखरेल उप्रेती |
| प्रमुख प्रशासकीय अधिकृत | : | श्री सुवास श्रेष्ठ |
| वडा अध्यक्ष, वडा नं. १ | : | श्री रामकुमार राई |
| वडा अध्यक्ष, वडा नं. २ | : | श्री दीपक बराल |
| वडा अध्यक्ष, वडा नं. ३ | : | श्री हर्कबहादुर बस्नेत |
| वडा अध्यक्ष, वडा नं. ४ | : | श्री अर्जुन कुमार कार्की |
| वडा अध्यक्ष, वडा नं. ५ | : | श्री कनक बहादुर कार्की |
| वडा अध्यक्ष, वडा नं. ६ | : | श्री ललित बहादुर तामांग |
| वडा अध्यक्ष, वडा नं. ७ | : | श्री प्रल्लादमणी ओली |
| वडा अध्यक्ष, वडा नं. ८ | : | श्री गिरिराज धमला |
| वडा अध्यक्ष, वडा नं. ९ | : | श्री कन्चन तामांग |
| वडा अध्यक्ष, वडा नं. १० | : | श्री नारायण खनाल |
| वडा अध्यक्ष, वडा नं. ११ | : | श्री रुद्रप्रसाद डाँगी |
| वडा अध्यक्ष, वडा नं. १२ | : | श्री मधुसुदन निरौला |
| वडा अध्यक्ष, वडा नं. १३ | : | श्री कृष्ण सिग्देल |
| वडा अध्यक्ष, वडा नं. १४ | : | श्री बाबुलाल सुब्बा |
| वडा अध्यक्ष, वडा नं. १५ | : | श्री गुणराज भट्टराई |
| कार्यपालिका सदस्य | : | श्री तिलजा देवान |
| कार्यपालिका सदस्य | : | श्री माया प्याकुरेल |
| कार्यपालिका सदस्य | : | श्री अन्जु थापा |
| कार्यपालिका सदस्य | : | श्री चित्रकुमार धिमाल |
| कार्यपालिका सदस्य | : | श्री कविता खनाल मिजार |
| कार्यपालिका सदस्य | : | श्री हृदय राजबंशी |
| कार्यपालिका सदस्य | : | श्री अमित राई |
| कार्यपालिका सदस्य | : | श्री रिता परियार |

## निर्णयहरु

### निर्णय नं. १

कुनै व्यक्ति, संस्था वा निकायले मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा कार्यालय, न्यायिक समिति, सम्पूर्ण शाखा तथा शाखा प्रमुखसमेत उपर विपक्षी बनाई दर्ता हुन आउने रिट निवेदन तथा कुनै पनि प्रकृतिका मुद्दाका सम्बन्धमा निजहरुको तर्फबाट लिखित जबाफ वा प्रतिउत्तर पेश गर्ने, बहस पैरवी गर्ने, कानून व्यवसायी वा वारिस नियूक्त गर्ने तथा मुद्दासँग सम्बन्धित अन्य सम्पूर्ण कामकारबाही गर्नका लागि ऐ. कार्यालयका कानूनी सल्लाहकार झापा जिल्ला मेचीनगर नगरपालिका वडा नं. ११ बस्ने श्रमिको ल फर्मको तर्फबाट खटिई आउनु भएका अधिवक्ता श्री इन्द्रकमल प्रधानलाई अख्तियारनामा प्रदान गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्तुत बिषयमा मेचीनगर नगरपालिकाको संस्था दर्ता नियमावली,२०७७ (संशोधनसहित) को दफा ८ को २ बमोजिम तपसिलका गैर सरकारी संस्थाहरुले यस मेचीनगर नगरपालिका क्षेत्रमा सूचीकृत भई उल्लेखित परियोजना संचालन गर्न स्वीकृति दिनुहुन भनि पेश गरेको निवेदन सम्बन्धमा प्रचलित कानूनको परिधिभित्र रहेर नगरपालिकाको प्रत्यक्ष समन्वयमा परियोजना संचालन गर्न अनुमति दिने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | संस्था | परियोजनाको नाम | साझेदारी गरिएको विदेशी संस्था | परियोजना अवधी | परियोजना लागत रकम |
|---|---|---|---|---|---|
| १. | नव अभियान नेपाल, मेचीनगर -६ | मानव बेचबिखन तथा ओसारपोसार रोकथाम,छात्रवृति तथा जनचेतनामुलक कार्यक्रम | Alliance Foundation International, USA | २०८३/८४ | रु ७१०३२९४/- (एकहत्तर लाख तीन हजार दुईसय चौरानब्बे) |
| २. | उज्यालो नेपाल,बर्दिया | वन्यजन्तु जोखिम केन्द्रित बीमा कार्यक्रम पाईलटिङ | UNDP/BIOFIN | सन २०२६ देखि सन २०२९ सम्म | रु १०५२७५००/- (एक करोड पाँच लाख सत्ताईस हजार पाँच सय) |

निर्णय ३

आ. व. २०८३/०८४ मा विपद प्रभावित व्यक्तिको निवेदन, सम्बन्धित वडा कार्यालयको सिफारिस तथा कृषि/पूर्वाधार प्राविधिकको किटानी सिफारिसका आधारमा मेचीनगर नगरपालिकाको विपद व्यवस्थापन कोषबाट विपद व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०८३ को दफा ७ को उपदफा ३(१) बमोजिम देहायका विपदजन्य घटनाबाट प्रभावित व्यक्तिहरूलाई राहत प्रदान गर्ने निर्णय गरियो:

| क्र. स | नाम थर | ठेगाना | विपदको घटना | राहत रकम (रु.) |
|---|---|---|---|---|
| १ | हर्क बहादुर ढकाल | मे. न. पा- १४ | हात्ती पिडित | ५०००.०० |
| २. | गोपाल भट्टराई | मे. न. पा- ९ | हात्ती पिडित | ५०००.०० |
| ३. | बल बहादुर श्रेष्ठ | मे. न. पा- ९ | हात्ती पिडित | ५०००.०० |
| ४. | डिल्लीराम न्यौपाने | मे. न. पा- ९ | हात्ती पिडित | ५०००.०० |
| ५. | चन्द्र प्रसाद ओली | मे. न. पा- ९ | हात्ती पिडित | ५०००.०० |
| ६. | दुर्गा सिलवाल | मे. न. पा- ९ | हात्ती पिडित | ५०००.०० |

निर्णय ४

मेचीनगर नगरपालिका क्षेत्र भित्र निजी जग्गामा रुख बिरुवा लगाई निजी वन दर्ताका लागि मिति २०८३/०५/०८ र २०८३/०५/१५ गते डिभिजन वन कार्यालयबाट सिफारिस भइ आएकोमा मेचीनगर नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८३ को दफा ३९ र वन नियमावली २०७९ को नियम ८१ बमोजिम स्थानीय तहले निजी वन दर्ता गर्न सकिने प्रावधान भएको तर दर्ता शुल्क निर्धारण नभएको हुँदा नगरसभाबाट अनुमोदन हुने गरी हाललाई रु २०००।०० (रु दुई हजार मात्र) शुल्क लिई दर्ता गर्ने निर्णय गरियो ।

निम्न

| क्र. स. | जग्गाधनीको नाम | ठेगाना | कि. नं. | ज. बि. | रुखको प्रजाति | थान |
|---|---|---|---|---|---|---|
| १. | ढुंडी राज पौड्याल | मेनपा- ७ | ४९२ | ०-१०-० | साल | १०० थान (५४ रुख, ४६ लाथ्रा) |
| २. | मनोज कुमार लुङ्गेली | मेनपा- ४ | ४७३४ | ०-११-० | साल | २० थान |

निर्णय ५

मिति २०८३/०३/०४ गते बसेको कार्यपालिकाको बैठकको निर्णयनुसार द पुर्वान्चल निर्माण सेवालाई रु २,३४,४९७.५३(अक्षरेपी दुइ लाख चौतिस हजार चार सय सन्तानब्बे र त्रिपन्न पैसा ) जरिवाना सहित असुलउपर गरिएकोमा, कोशी प्रदेश आर्थिक ऐन २०८२को दफा ७ को उपदफा ५ संग सम्बन्धित अनुसूची १४ र वातावरण संरक्षण ऐन, २०७६ को दफा ३५ को उपदफा १ को खण्ड (ख) बमोजिम उक्त कसुर वा उल्लङ्घनमा रु १०००००० .०० (अक्षरेपी दस लाख रुपैया मात्र) सम्म जरिवाना गराउन सकिने भएकोले, जरिवानाको हकमा द पुर्वान्चल निर्माण सेवालाई पहिले तिरेको जरिवाना रकम रु १०००००.०० सहित कुल रु ५५००००.०० जरिवाना गराउने निर्णय गरियो ।